लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
## लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या : योजना /०७९/८०

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/११/१२ गते शुक्रबार

यस कार्यालयको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकार तथा संघीय सशर्त कार्यक्रम तर्फका तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न रोल्पा जिल्ला स्थित ईच्छुक सामुदायिक वन तथा कबुलियती वन समूह, कृषक समूह वा जडिबुटि तथा गैरकाष्ठ वन पैदावार ब्यवसाय सँग सम्बन्धित संघ संस्था, व्यवसायी, उद्यमीहरुले १५ दिन भित्र (मिति २०७९/११/२६ गते शुक्रबार कार्यालय समय भित्र ) तोकिएको शर्त र ढाँचा (Format) मा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | कार्यक्रमको नाम | अधिकतम वजेट रु. लाखमा | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम प्रवर्द्धनमा सहयोग | ११ | प्रदेश सरकार | कम्तिमा २५% रकम सम्बन्धित संस्था/समूहले व्यहोर्नुपर्ने |
| २ | पकेट क्षेत्रमा सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबुटी खेति विस्तारमा सहयोग ( ३ हे. ) | ३ | प्रदेश सरकार | जडिबुटी पकेट क्षेत्र अन्तर्गतका राष्ट्रिय वनक्षेत्र, सामुदायिक तथा सार्वजनिक जग्गाहरु |
| ३ | पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार | ५ | संघ शसर्त अनुदान | पदमचाल जडीबुटी खेति विशेष पकेट क्षेत्र अन्तर्गत जेल्वाङ र थवाङ अन्तर्गतका क्षेत्रहरु |
| ४ | एक सामुदायिक वन- एक उद्यम विकास कार्यक्रम | ५ | प्रदेश सरकार | कम्तिमा २५% रकम सम्बन्धित संस्था/समूहले व्यहोर्नुपर्ने |
| ५ | जडिबुटी बिरुवा उत्पादन तथा खेति विस्तार अन्तरगत खेति विस्तार कार्यक्रम | ५ | संघ शसर्त अनुदान | सरकारी, सामुदायिक, निजी तथा कबुलियती वन क्षेत्र |
| ६ | कृषि वन प्रवर्द्धन कार्यक्रम | २ | प्रदेश सरकार | निजी जग्गा/सार्वजनिक तथा खस्केको वन क्षेत्र |

१. प्रस्तावको ढांचा (Format) : यस कार्यालयको वेवसाइड : **www.dforolpa.gov.np** बाट डाउनलोड गर्न वा यस कार्यालय वा मातहतका सव डिभिजन वन कार्यालयहरुमा सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

२. प्रस्ताव दाखिला गर्दा निम्न बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

क. रु. १० को टिकट राखि पेश गरिएको आवेदन पत्र

ख. व्यक्तीको हकमा : नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी, जग्गाधनी प्रमाणपुर्जा र तिरो तिरेको रसिदको प्रतिलिपी

ग. संस्था/ उद्यम/समूह भएमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी तथा करचुक्ता प्रमाणपत्र तर सामुदायिक तथा कबुलियती वन समूहको हकमा प्रमाण पत्र पेश गर्नु नपर्ने

पत्र संख्या : योजना /०७९/८०

घ. निजी जग्गाको स्वामित्व/सम्झौता गरेको भए स्थानीय वार्ड कार्यालयको रोहवरमा गरेको सम्झौता पत्र प्रस्ताव योजना (लाभान्वित घरधुरी संख्या, कार्यान्वयन पश्चातको प्रतिफल, कार्यक्रमको निरन्तरता, मर्मत संभार कसले गर्ने, संचालन कसले कसरी गर्ने तथा स्वामित्व कसको रहने यी सबै विवरण समाबेश हुनु पर्ने )

ङ. सम्बन्धित न.पा./गा.पा. वा वडा कार्यालयको सिफारीस पत्र

च. सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफारिस पत्र

छ. सामुदायिक र व्यक्तीको संयुक्त लगानीको प्रस्तावमा मुनाफा बाँडफाँडको स्पष्ट खाका

ज. समुह वा संस्थाको हकमा आमभेलाबाट/कार्य समितिबाट निर्णय गरी सोको प्रतिलिपी

३. प्राप्त प्रस्तावहरु प्रचलित नियमानुसार मुल्यांकन गरी उत्कृष्ट प्रस्ताव छनौट गरिने छ ।

४. प्रस्तावहरु प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ ।

५. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

६. म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई मान्यता दिईने छैन ।

७. ६ वटा कार्यक्रमहरुको छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ ।

११. अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधी बमोजिम हुनेछ ।

१२. यस सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा फोन नं. ०८६–४४०११२ मा वा कार्यालयका सूचना अधिकारीको मोबाइल नं. ९८५७८७७०१८ मा सम्पर्क राख्न सकिने छ ।

२८/११/१२

बाबुराम पोखेल
नि. डिभिजनल वन अधिकृत
निमित्त डिभिजनल वन अधिकृत

# प्रस्ताव तयार गरिएको कार्यक्रमको नाम

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
लिबाङ, रोल्पा

निमित्त डिभिजनल वन अधिकृत

प्रस्तावकको नाम, ठेगाना

**पेश गरिने निकाय**

श्री डिभिजन वन कार्यालय, रोल्पा

# प्रस्तावको नमुना ढांचा (Format)

कार्यक्रमको प्रस्ताव तयार गर्दा तपसिलमा उल्लेखित बुँदाहरुको विवरण उल्लेख गर्नुपर्नेछ :-

१. सारांश :-

२. कार्यक्रमको नाम/परिचय :-

३. कार्यक्रमको पृष्ठभूमी :-

४. कार्यक्रमको लक्ष्य र उद्देश्य :-

५. कार्यक्रम संचालन हुने स्थान र क्षेत्र :-

६. लक्षित समुह सम्बन्धि विवरण, लाभान्वित घरधुरी संख्या/जनसंख्या/रोजगारी श्रृजना :-

७. सम्बन्धित कृयाकलाप कार्यान्वियनमा विगतको अनुभव / विज्ञता :-

८. कार्यक्रम संचालन विधी र प्रकृया :-

९. अपेक्षित उपलब्धीहरु :-

१०. समस्या/चुनौती:-

११. ब्यबसायिक योजना (Business Plan) – सि.नं. १ मा उल्लेखित जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम प्रवर्द्धनमा सहयोग कार्यक्रम तथा सि.नं. ४ मा उल्लेखिंत एक सामुदायिक वन- एक उद्यम विकास कार्यक्रमको हकमा मात्र

१२. कार्यक्रम सम्पन्न भए पश्चातको संरक्षण, मर्मत संभार, संचालन कसरी र कसले गर्ने :-

१३. स्वामित्व :-

१४. श्रोत साझेदारीको अवस्था :-

१५. अनुगमन तथा मूल्यांकन :-

१६. अन्य आवश्यक कुराहरु :-

निमित्त डिभिजनल वन अधिकृत